# बरेङ गाउँपालिका

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९

बरेङ गाउँपालिका, बागलुङ

बरेङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुग्दिशिर, बागलुङ
ईमेलः barengrm@gmail.com
वेबसाईटः https://barengmun.gov.np/

गाउँपालिका प्रमुखज्युको भनाई



बोडे गाउँपालिका, बागलुङ

## बिषयसूची


बिषयसूची ........ II
तालिका सूची ........ III
परिच्छेद - १ ........ १
परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ लैससास संवैधानिक, नीतिगत र कानुनी व्यवस्था ........ २
१.३ लैससास रणनीतिको आवश्यकता र औचित्य ........ ५
१.४ लैससास रणनीतिका उद्देश्यहरु ........ ६
१.४ लैससास रणनीति तर्जुमाको विधि र प्रक्रिया ........ ७
परिच्छेद - २ ........ ८
लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ ........ ८
२.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ ८
२.३ लैससास मूलप्रवाहीकरण सम्बन्धी हालसम्म भएको प्रयासहरु ........ ८
२.४ लैससास क्षेत्रका समस्या, अवसर र चुनौतिहरु ........ ९
परिच्छेद - ३ ........ ११
लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ ........ ११
३.१ नाम र प्रारम्भ ........ ११
३.२ परिभाषा ........ ११
३.३ दीर्घकालिन सोच ........ १३
३.४ लक्ष्य ........ १४
३.५ उद्देश्य ........ १४
३.६ लैससास मूलप्रवाहीकरणको सिद्दान्त ........ १४
३.७ लैससास कार्यान्वयनको मूल्य मान्यता ........ १५
३.८ लैससास नीति र रणनीतिहरु ........ १६
३.८.१ लैससास उत्तरदायी नीति, कानुन र संस्थागत संरचना ........ १६
३.८.२ सशक्तीकरण तथा सहभागिता ........ १६
३.८.३ लैससास कार्यान्वयनकर्ता र सरोकारवालाको क्षमता विकास ........ १७
३.८.४ समन्वय, सहकार्य र सहजीकरण ........ १७
३.८.५ अनुगमन तथा मूल्याङ्कन र सुशासन ........ १७
३.९ कार्यनीति ........ १८
३.९.१ कार्यनीति (रणनीति ३.८.१ ‘क’ संग सम्बन्धित) ........ १८
३.९.२ कार्यनीति (रणनीति ३.८.१ ‘ख’ संग सम्बन्धित) ........ १९
३.९.३ कार्यनीति (रणनीति ३.८.२ ‘क’ संग सम्बन्धित) ........ २०
३.९.४ कार्यनीति (रणनीति ३.८.२ ‘ख’ संग सम्बन्धित) ........ २१
३.९.५ कार्यनीति (रणनीति ३.८.३ ‘क’ संग सम्बन्धित) ........ २२

३.९.६ कार्यनीति (रणनीति ३.८.४ ‘क’ संग सम्बन्धित) ........ २२
३.९.७ कार्यनीति (रणनीति ३.८.५ ‘क’ संग सम्बन्धित) ........ २२
३.९.८ कार्यनीति (रणनीति ३.८.५ ‘ख’ संग सम्बन्धित) ........ २३
३.१० लैससास कार्यान्वयन कार्य योजना र अनुमानित बजेट ........ २३
परिच्छेद - ४ ........ २५
लैससास रणनीति कार्यान्वयन, अनुगमन र प्रतिवेदन ........ २५
४.१ रणनीतिको कार्यान्वयन ........ २५
४.२ लैससास कार्यान्वयनको लागि समितिहरु गठन, परिचालन र जिम्मेवारी ........ २६
४.२.१ लैससास कार्यान्वयन समिति गठन ........ २६
४.२.२ लैससास कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार ........ २७
४.२.३ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको परिचालन ........ २७
४.३ विभिन्न सरोकारवालाको भूमिका ........ २७
४.४ अनुगमन तथा मूल्यांकन ........ २८

## तालिका सूची

तालिका १: लैससास रणनीति कार्यान्वयन कार्ययोजना १६
तालिका २: लैससास रणनीति कार्यान्वयनको रणनीतिक चरणहरु २५
तालिका ३: लैससास रणनीति कार्यान्वयनमा सरोकारवालाको भूमिका २७

## परिच्छेद - १
# परिचय

### १.१ पृष्ठभूमि

नेपालमा ऐतिहासिक कालदेखि रहिआएको सामाजिक संरचना र मान्यताको कारण लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का विविध सवालहरु आज पनि छन् । समाजमा रहेको पितृसत्तात्मक सोच, जातिय तथा भौगोलिक विभेद, आर्थिक असमानता आदिको कारणले महिला तथा विभिन्न समुदायहरु बहिष्करणमा परेका छन् । यहाँ महिला, बालबालिका, दलित, मधेसी, मुस्लिम, अपाङ्गता भएको व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायहरु आदि विकासको मूलप्रवाहमा ल्याउन र राज्यको सेवा सुविधामा समान पहुँच गराउन चुनौतिको रुपमा रहेको छ । विगतको समयबाटै नेपाल सरकारले लैंगिक तथा सामाजिक समता तथा समावेशिता कायम गर्ने संवैधानिक तथा कानुनी व्यवस्था लागू गरेको भएता पनि राज्य संयन्त्र र समाजमा आज पनि लैंगिक विभद र हिंसाका घट्नाहरु प्रसस्त घटिरहेका छन् । लैंगिक तथा क्षेत्रीय विभेद, बालबालिका, जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरु तुलनात्मक रुपमा पछि परेका छन् । समाजमा आर्थिक रुपमा विपन्न घरपरिवारको कमी छैन । प्रचलित कानुनहरुले यी वर्गहरुलाई लक्षित वर्गको रुपमा परिभाषित गरेको छ ।

लक्षित वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समतामूलक समाजको स्थापना गर्नको लागि नेपाल सरकारले पहल गरिआएको छ । हाल आएर नेपालको पछिल्लो संविधानले मानवअधिकारको अवधारणालाई पूर्ण रुपमा अंगिकार गरी सबै नागरिकहरुलाई सम्मानपूर्वक बाँच्न पाउने गरी विभिन्न मौलिक हकहरुको व्यवस्था गरेको छ । साथै यस सम्बन्धमा राष्ट्रिय रुपमा विभिन्न नीति, ऐन तथा अन्य कानुनी दस्तावेजहरु तयार गरी लागू गरिएको छ । यस कारण वर्तमान अवस्थामा संघ, प्रदेश र स्थानीय गरी तिनै तहका सरकारहरु लैंगिक तथा सामाजिक समावेशीकरणको अवधारणा कार्यान्वयन गरी समतामूलक र समावेशी समाजको विकास गर्नको लागि जिम्मेवार छन् । यस क्षेत्रमा मानव अधिकार सम्बन्धी घोषणापत्र, मानव अधिकार सम्बन्धी महासन्धी, महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धि १९७९, बाल अधिकार सम्बन्धी महासन्धी १९८९ र दिगो विकास लक्ष्यहरु (२०१६ - २०३०) जस्ता लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यान्वयन गर्नु पर्ने विषयहरुमा नेपाल सरकारले आफ्ना नीति, योजना तथा कार्यक्रमहरुमा समावेश गरी कार्यान्वयनमा ल्याएको छ ।

हरेक प्रदेश तथा स्थानीय सरकारहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई कार्यान्वयन गर्नको लागि लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण र लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति लागू गर्ने प्रावधान लागू गरी कार्यान्वयनको लागि निर्देशन गरेको छ। यसै क्रममा यस बरेङ गाउँपालिकामा पनि लैंगिक तथा सामाजिक विभदहरुको अन्त्य गरी समतामूलक र समावेशी समाज स्थापना गर्ने अभिप्रायले "**लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९"** तयार गरिएको छ।

## १.२ लैससास संवैधानिक, नीतिगत र कानुनी व्यवस्था

नेपालमा परम्परागत सामाजिक मूल्य मान्यता र व्यवहारको कारण परिवार, समाज र सार्वजनिक क्षेत्रमा लैंगिक असमानता र सामाजिक बहिष्करणको सवाल जटिल र प्रत्युत्पादक नै रहँदै आएको छ। लैंगिक असमानता र सामाजिक बहिष्करण मौलाएको कारण विभिन्न कालखण्डमा नागरिकहरुले राज्य सत्ता विरुद्धमा आन्दोलन र जनसंघर्षहरु गरी विभिन्न राजनितिक परिवर्तनहरु भए। फलस्वरुप आज देशमा लोकतान्त्रिक गणतन्त्रात्मक संघीय सरकारको स्थापना भई सञ्चालनमा रहेको छ। तर आज पनि लैंगिक तथा समाजिक समावेशिताको मूद्दा त्यतिकै पेचिलो नै छ। यसलाई संविधान तथा कानूनतः निर्मुल गर्नको लागि महान प्रयासहरु भएको र हुदै रहेका छन्। लैससास सम्बन्धमा भएका संवैधानिक नीति र कानुनगत व्यवस्थाहरु देहाय अनुसार भएका छन्:

नेपालको संविधानले नागरिकहरुको मौलिक हकहरुलाई सूनिस्चित गरेको छ। संविधानको धारा १८ मा समानताको हकको व्यवस्था भएको छ जसले प्रत्येक व्यक्तिलाई समान कानुनी हैसियत सूनिस्चित गरेको छ। हरेक नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणवाट बञ्चित गरिने छैन। सामन्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, बर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, बैबाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, बैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था गरेको छ। सामाजिक वा सांस्कृतिक हिसाबमा पिछाडएका महिला, दलित, आदिबासी, मधेशी, थारु, बालबालिका, जेष्ठ नागरिक, लैंगिक तथा यौंनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भ अवस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछाडिएको क्षेत्र वा आर्थिक रुपमा विपन्न खस आर्य लगायतका नागरिकहरुको संरक्षण सशक्तिकरण वा विकासको निम्ति बिशेष व्यवस्था गर्ने व्यवस्था गरिएको छ।

संविधानको धारा ३८ मा महिलाको मौलिक हकको व्यवस्था गरेको छ जसले प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान बंशीय हकको सूनिस्चित गरेकोको छ। प्रत्येक महिला सूरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको

हक व्यवस्था गरिएको छ। महिलालाई धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचनलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न पाईने छैन। यी कार्यहरु कानुन बमोजिम दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने अधिकारको व्यवस्था छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा सहभागि हुने अधिकार सूनिस्चित भएको छ। महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सूरक्षामा सकारात्मक बिभेदका आधारमा बिशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था भएको छ। साथै सम्पत्ति र पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था भएको छ।

संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था भएको छ जसमा प्रत्येक नागरिक (अपांगता भएका र आर्थिक रुपमा विपन्न सहित) लाई शिक्षामा समान पहुँचको व्यवस्था गरिएको छ। संविधानको धारा ३२ मा भाषा र संस्कृतिको हकको व्यवस्था गरिएको छ जसमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन  गर्ने अधिकारको सूनिस्चित गरिएको छ। त्यसै गरी धारा ३३ मा समान रोजगारीको हक, धारा ३४ मा उचित श्रम अभ्यासको हक जसमा उचित पारिश्रमिक सुविधा र योगदानको सूनिस्चितता, धारा ३५ मा स्वास्थ्य सम्बन्धि समान हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सूरक्षाको हकको व्यवस्था गरिएको छ। संविधानले आधारभूत मानव अधिकारको अवधारणा अनुसार लैंगिक तथा सामाजिक समुदाय, वर्ग, जाति र अन्य कुनै पनि आधारमा भेदभाव र वहिष्करण गर्न नपाईने साथै अधिकारमा समान पहुँच र उपभोगको व्यवस्था गरेको छ। साथै संविधानले महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको मौलिक हकहरुको संरक्षण र विकास गर्नको लागि संविधानमा समानुपातिक सहभागिताको सूनिस्चित गर्दै राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिबासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगको व्यवस्था गरी सम्बन्धित वर्ग तथा समुदायको प्रतिनिधित्वमा उक्त वर्ग र समुदायको  उत्थानको लागि कार्य गर्ने व्यवस्था गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा कार्यान्वयनको व्यवस्था गरिएको छ। स्थानीय तहमा महिला तथा आर्थिक सामाजिक रुपमा विपन्न तथा सिमान्तकृत समुदायको सहभागिता, निर्णयक तहमा प्रतिनिधित्व गराई विकासमा मूलप्रवाहिकरण गराउने

अभिप्रायले कानुनी व्यवस्था गरिएको छ। गाउँपालिका/नगरपालिका पदाधिकारीहरुमा अनिवार्यरुपमा महिला तथा लक्षित वर्गका समुदायको प्रतिनिधित्व, स्थानीय नीति तथा कानुन निर्माणमा स्वायत्तता जस्ता व्यवस्थाहरुले लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न सहज अवस्था सिर्जना भएको छ।

स्थानीय सरकारले आर्थिक तथा समाजिक रुपमा अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने, बिभिन्न समुदाय बिचमा सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बाल बिवाह, बहुबिवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन, जस्ता समाजिक कुरीति, र अन्धबिश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ। साथै स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछाडिएको वर्गको सहभागिता गराउने र योजना छनौटमा महिला, बालबालिका, जेष्ठ नागरिक, पिछाडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने कार्यक्रमलाई छनौट गर्ने, बजेट बिनियोजन र कार्यान्वयनमा जोड दिएको छ।

नेपाल सरकारले लैंगिक तथा सामाजिक आर्थिक रुपमा उपेक्षा परेका वर्ग तथा समुदायहरु माथि हुने विभेद तथा हिंसाजन्य कार्यहरुलाई निषेध गर्न र सो सम्बन्धी भएका अपराधहरुको उपचारको लागि प्रशस्त कानूनहरु लागू गरेको छ। उदाहरणको लागि घरेलु हिंसा कसुर सजाय ऐन २०६६, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७२, लैंगिक समानता कायम गर्न केही नेपाल ऐन संसोधन गर्न बनेको ऐन २०६३, मानव बेचबिखन सम्बन्धि तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४, बोक्सीको आरोप (कसुर र सजाय) ऐन २०७२, अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धि ऐन २०७४, मुलुकी देवानी (संहिता) ऐन २०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४, मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन २०७४ आदि कानूनहरु लागू भएका छन्।

नीति तथा रणनीतिहरुको समिक्षा गर्दा तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६ मा लैससासको क्षेत्रमा अपनाईने रणनीति तथा कार्यनीतिहरु र उक्त नीतिको कार्यान्वयन तथा अनुगमन सम्बन्धमा व्यवस्था गरेको छ। नेपाल सरकारको पन्ध्रौ आवधिक योजना, प्रदेश सरकारहरुको प्रथम आवधिक योजना, गण्डकी प्रदेशको लैंगिक समानता तथा सामाजिक समावेशीकरण निर्देशिका २०७७, लैंगिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति २०७२, प्रदेश तथा स्थानीय तहमा लैंगिक उत्तरदायी बजेट नमूना निर्देशिका २०७७, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि

कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना २०६०, बाल अधिकार सम्बन्धी राष्ट्रिय नीति २०६९ जस्ता राष्ट्रिय नीति तथा रणनीतिक व्यवस्थाहरु भएका छन् । त्यसै गरी अन्तर्राष्ट्रिय परिवेशमा हेर्ने हो भने १० डिसेम्बर १९४८ भएको मानव अधिकार सम्बन्धी विश्वब्यापी घोषणापत्र, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९९१, बाल अधिकार सम्बन्धी महासन्धी १९८९, आदिबासी तथा जनजाति सम्बन्धी महासन्धी १९८९ र दिगो विकास लक्ष्यहरु (२०१५ - २०३०) जस्ता महान दस्तावेजहरुले लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई तत्काल संवोधन गर्नु पर्ने व्यवस्था गरेको छ । यी अन्तर्राष्ट्रिय धोषणापत्र तथा महासन्धीहरुको कार्यान्वयन गर्नको लागि नेपाल सरकारले सम्बन्धित विषयका राष्ट्रिय कार्ययोजनाहरु तर्जुमा गरी लागू गरेको छ ।

### **१.३ लैससास रणनीतिको आवश्यकता र औचित्य**

नेपालको संबिधानले देशमा लैंगिक तथा सामाजिक बिभेदहरुलाई निर्मुल गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको विकास गर्ने परिकल्पना गरेको छ । नेपाल सरकारले परिकल्पना गरेको “समृद्ध नेपाल र सुखी नेपाली” को लक्ष्यलाई सफल बनाउन महिला तथा पुरुष लगायत सबै लैंगिक बिशिष्टता भएका व्यक्तिहरु, जाति, धर्म, वर्ग र भौगोलिक बिबिधताको कारण बहिष्करणमा परेका समुदायहरुलाई विकासको मूल प्रवाहमा सहभागी गराई सबैलाई समान अवसरको सूनिस्चितता गर्नु पर्ने आवश्यक देखिन्छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मुद्दालाई समाधान गर्न नेपालको संबिधान २०७२ र सम्बन्धित ऐन, नियम, कार्यविधिहरु र नेपाल पक्ष भई हस्ताक्षर भएका अन्तर्राष्ट्रिय घोषणाहरु र महासन्धीहरु जस्तै मानव अधिकार सम्बन्धि घोषणापत्र, बेईजिङ घोषणापत्र १९९६, बालअधिकार सम्बन्धि महासन्धी १९८९, महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयूक्त राष्ट्रसंघीय सूरक्षा परिषदद्वारा पारित प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरुद्धको कार्ययोजना आदिको कार्यान्यनको बाध्यात्मक व्यवस्थाहरु रहेका छन् ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरणको कार्यान्वयनको लागि नेपाल सरकारले लागु गरेका नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय सन्धी महासन्धीहरुको स्थानीय सरकारहरुमा लागु गर्नको लागि संघीय, प्रदेश र

स्थानीय सरकारहरुवाट समान रुपमा कार्यान्वयन हुन जरुरी छ। वर्तमान अवस्थामा व्यक्ति र समुदाय स्तरमा यस अवधारणालाई सफल कार्यान्वयन गर्न स्थानीय तहका सरकारहरुको जिम्मेवारी प्रमुख देखिएको छ कारण स्थानीय सरकार व्यक्ति र समुदाय स्तरमा प्रत्यक्ष सेवा प्रवाह गर्ने अंग हो। त्यसकारण स्थानीय लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तर्जुमा तथा कार्यान्वयनको लागि नेपाल सरकारवाट स्थानीय तहहरु (नगरपालिका र गाउँपालिका) लाई निर्देश गरेको छ।

### १.४ लैससास रणनीतिका उद्देश्यहरु

लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) रणनीतिको मुख्य उद्देश्य नै स्थानीय तहहरुमा लैंगिक तथा अन्य सामाजिक मान्यताको आधारमा हुने बिभेदहरुको अन्त्य गरी राज्यले उपलब्ध गराउने सेवा सुबिधा र संरक्षणमा सबैको समान पहुँचको सुनिस्चितताको लागि निर्देश गर्ने हो। यसको बिशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

क) गाउँपालिकाका नीति, कानुन, रणनीतिक तथा वार्षिक योजना र कार्यक्रमहरुमा लैंगिक तथा सामाजिक समावेशीकरणको दृष्टिकोणवाट समिक्षा गरी लैससास सम्बेदनशिल बनाउने।

ख) गाउँपालिकाको समग्र क्रियाकलापहरुमा लैंगिक समानता तथा समाजिक समावेशीकरणको अवस्था मापन गरी सबल र सुधार गर्नु पर्ने पक्षहरु तथा अवसर र चुनौतिहरुको पहिचान गरी आवधिक तथा वार्षिक योजनामा लैससासका सवालहरु संवोधन गर्ने नीति तथा कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गर्ने।

ग) गाउँपालिकाको समग्र नीति, कानून, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको अर्थपूर्ण सहभागिताको सूनिस्चित गरी उक्त कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन र मूल्यांकनमा समेत सम्बन्धित लक्षित वर्गहरुको सहभागिता सूनिस्चित गर्ने।

घ) लैससास कार्यान्वयनको लागि आवश्यक संस्थागत संरचनाहरु तयार गरी सञ्चालन गर्ने।

ङ) लैससास कार्यान्वयनको लागि आवश्यक जनशक्ति उत्पादन र महिला तथा बञ्चितिमा परेका समुदायको सामाजिक तथा आर्थिक सशक्तिकरणको लागि क्षमता विकासका कार्यहरु गर्ने।

## १.४ लैससास रणनीति तर्जुमाको विधि र प्रक्रिया

लैससास रणनीति तयारी कार्य अनुसन्धानमूलक तरिकावाट गरिएको थियो । यो रणनीति तयारीको क्रममा स्थानीय जनप्रतिनिधि तथा गाउँपालिकाका बिज्ञ कर्मचारीहरुको सघन सहभागितामा सम्पादन गरिएको थियो । साथै गाउँपालिकामा रहेका महिलाहरुको सामुदायिक संस्थाहरु, दलित तथा आदिबासी र सबै समुदायका संस्थाहरुसंगको सहभागितालाई सूनिस्चित गरिएको थियो । यसकार्यलाई प्रभावकारी ढंगवाट कार्यान्वयन गर्नको लागि देहाय अनुसारका बिधिहरु अवलम्बन गरिएको थियोः

क) लैससास सम्बन्धी राष्ट्रिय, प्रदेश र गाउँपालिका तहका नीति, रणनीति, कानूनहरु, आवधिक र वार्षिक योजना, कार्यक्रम र अन्य दस्तावेजहरु अध्ययन तथा समिक्षा गरिएको थियो ।

ख) यस रणनीति तर्जुमा कार्यको प्रारम्भ गाउँपालिका स्तरमा कार्यपालिका सदस्यहरु, सरोकारवाला संस्था प्रतिनिधिहरु, लक्षित वर्गका प्रतिनिधिहरु र सबै शाखाका कर्मचारीहरुको उपस्थितिमा रणनीति सम्बन्धी अभिमूखिकरण तथा आवश्यकता पहिचान कार्यशाला सञ्चालन गरिएको थियो । यस कार्यशालामा लैससास सम्बन्धीका सवालहरु र समाधानका उपायहरुको बारेमा छलफल गरी स्थानीय आवश्यकता अनुसारका रणनीतिका अपेक्षा र राय संकलन गरिएको थियो ।

ग) गाउँपालिकाको सबै वडाहरुमा लैससास रणनीति सम्बन्धी एक दिने कार्यशाला आयोजना गरी निर्वाचित प्रतिनिधिहरु, कर्मचारीहरु, महिला, दलित, आदिबासी, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएको व्यक्ती र अल्पसंख्य समुदाय आदिका प्रतिनिधिहरुको उपस्थितिमा लैससासका विद्यमान सवालहरुको बारेमा छलफल गरी ती सवालहरु र समधानका उपायहरु पहिचान गरिएको थियो ।

घ) नगरपालिका र वडावाट संकलन भएका तथ्यांकहरु र कार्यशालाहरुवाट संकलन भएका राय तथा अपेक्षाहरुको आधारमा परामर्शदाताद्वारा रणनीतिको मस्यौदा तयार गरिएको थियो ।

ङ) रणनीतिको मस्यौदा गाउँपालिकाका सबै पदाधिकारी र कर्मचारीहरुलाई सात दिनको समय उपलब्ध गराई पृष्ठपोषण र सुझावहरु पेश गर्नको लागि अध्ययनको लागि उपलब्ध गराईएको थियो ।

च) यस पश्चात प्राप्त सुझावहरुको समावेश गरी दोस्रो मस्यौदा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, पोखरामा थप पृष्ठपोषण र सुझावको लागि पेश गरिएको थियो ।

छ) गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, पोखराबाट प्राप्त भएका सुझावहरु समेत समावेश गरी रणनीतिको अन्तिम मस्यौदा कार्यपालिकाको बैठकमा पेश गरिएको थियो ।

**परिच्छेद - २**

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण अवस्था विश्लेषण

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

बरेङ गाउँपालिका बागलुङ जिल्लाको १० स्थानीय तहहरु मध्ये एक हो । यो गाउँपालिका जिल्लाको दक्षिण पूर्वी क्षेत्रमा रहेको र यहाँ भौगोलिक विकटता अधिक रहेको छ । यस गाउँपालिको अधिकांश क्षेत्र समशितोष्ण जंगल, पाखा र खेतीयोग्य भूमिले ढाकेको छ। यस गाउँपालिकाको स्थापना वि सं २०७३ फाल्गुण २७ गतेको नेपाल सरकारको निर्णय प्रकाशित भए बमोजिम स्थापना भएको हो । यस गाउँपालिकामा साविकका हुग्दिशिर, सल्यान, सुखौरा र बाटाकाचौर गाविसहरु समावेश गरिएको छ। यस गाउँपालिकाको क्षेत्रफल ७५.२८ वर्ग कि.मि. र सो मध्ये आवाशीय तथा खेतीयोग्य भूमिको क्षेत्रफल ६४.६ बर्ग कि मि रहेको छ। यो गाउँपालिका २८°०६'४६" देखि २८°१०'४४" उत्तरी अक्षांश र ८३°२३' ३१" देखि ८३° ३३' ३४" पूर्वी देशान्तर भित्र अवस्थित रहेको छ। यस गाउँपालिकाको पूर्वमा जैमनी नगरपालिका, पश्चिममा गुल्मी जिल्ला, उत्तरमा गलकोट नगरपालिका र दक्षिणमा गुल्मी जिल्ला पर्दछ। यस गाउँपालिकालाई ५ वटा वडामा विभाजन गरिएको छ।

यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार २७९६ घरधुरी र २९८१ परिवार बसोबास गर्दछन्। यहाँको जम्मा जनसंख्या ११९५८ रहेको र जस मध्ये पुरुष ५१०२ (४५.७%) र महिला ६०५६ (५४.३%) रहेको छ। यस गाउँपालिकाको साक्षरता दर ७६.२ प्रतिशत रहेको छ। जसमा महिला साक्षरता दर ६९.४ प्रतिशत र पुरुष साक्षरता दर ८३.६ प्रतिशत रहेको छ। यस गाउँपालिकामा मगर, क्षेत्री, ब्रह्माण, कामी, सार्की, दमाई र अन्य जातिहरु बसोबास गर्दछन्। यहाँ हिन्दु, बौद्ध र ईसाई धर्म मान्ने समुदायहरु रहेका छन्। यहाँ बिभिन्न जातजातिको बसोबास भएता पनि नेपाली भाषाको बाहुल्यता रहेको छ।

## २.३ लैससास मूलप्रवाहीकरण सम्बन्धी हालसम्म भएको प्रयासहरु

यस गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ लागू गरिसकेको छ। यस नीतिले महिला, बालबालिका, दलित, आदिबासी र जनजाति, उत्पीडित र विपन्न वर्ग, अपांगता र पछाडि पारिएका नागरिकहरु समानुपातिक सहभागिता र विकासमा मूलप्रवाहिकरणको लागि स्थानीय नीति, कानुन, कार्यक्रम र बजेट विनियोजन कार्यमा लैससास संवेदनशिलता वढाउदै लैजाने प्रयास गरेको छ। यस गाउँपालिकामा

लैससास कार्यान्वयन सम्बन्धी छुट्टै कानुनहरु भने जारी भएको छैन । स्थानीय कानुनहरु पनि लैससासको दृष्टिले उपयूक्त भए नभएको समिक्षा गर्ने कार्य भई सकेको छैन ।

बरेङ गाउँपालिकाको आ.व २०७९।०८० को नीति तथा कार्यक्रममा बाल मैत्री, अपांग मैत्री र जेष्ठ नागरिक मैत्री गाउँपालिकाको रुपमा स्थापना गर्ने नीति लिएको छ । महिला तथा अन्य बञ्चितिकरणमा परेका वर्ग र समुदायहरुको समानुपातिक सहभागिता स्थापना गर्ने समतामूलक समाजको स्थापना गर्ने उल्लेख भएको छ । "दुखी असहाय र वेसहरा, बरेङको अभिभारा" भन्ने नारालाई सफल गराउन कार्यक्रमहरु गर्ने बारेमा उल्लेख गरेको छ । मातृ स्वास्थ्यको क्षेत्रमा "बरेङको रहर सुन्य मातृशिशु मृत्यु दर" को नारा सहित कार्यक्रमहरु अगाडि बढाउने नीति रहेको छ । यसकारण लैससास कार्यान्वयनको क्षेत्रमा गाउँपालिकाले आंशिक कार्यहरु गरेको छ । तर लैससास सम्बन्धी रणनीति तयार गरी लागू नगरहेको हुँदा यस रणनीति तयार गरिएको छ ।

### २.४ लैससास क्षेत्रका समस्या, अवसर र चुनौतिहरु

यस गाउँपालिकामा विगतबाटै लैंगिक तथा सामाजिक समानता तथा समावेशीकरणको क्षेत्रमा नीति तथा कार्यक्रमहरु तयार गरी कार्यान्वयन गर्दै आएको अवस्थामा देहाय अनुसारका समस्या, चुनौति र अवसरहरु रहेका छन् :

**सवालहरु तथा समस्याहरु**

क) गत आर्थक वर्षहरुमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण नभएको हुँदा लैंगिक तथा सामाजिक समावेशीताको क्षेत्रमा रहेका समस्याहरुको पहिचान तथा संवोधनका कामहरु न्यून भएको ।

ख) लैससास परीक्षण कार्यविधि लागू तथा नियमित रुपमा भई सोको सुझावहरु कार्यान्वयनको अभ्यास नभएको ।

ग) लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा आवधिक नीति तथा रणनीति तयारी तथा लागू नभएको ।

घ) गाउँपालिकाको वार्षिक योजना तथा बजेटमा महिला तथा अन्य लक्षित वर्गहरुको लागि बजेट विनियोजन भएको तर उनीहरुको रणनीतिक आवश्यकतहरु पहिचान गर्ने र कार्यक्रम तोक्ने कार्यको अभ्यास न्यून रहेको ।

ङ) गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट प्रणाली लागू नभएको ।



बरेङ गाउँपालिका, बागलुङ

च) स्थानीय सरकारका पदाधिकारी तथा कर्मचारीहरूलाई लैङ्गिकता, लैङ्गिक समानता तथा सामाजिक समावशीकरण र महिला तथा बालबालिका हिंसा सम्बन्धमा अपेक्षाकृत रुपमा क्षमता विकास नभएको।

छ) न्यायिक समितिको क्षेत्राधिकार भन्दा बाहिर पर्ने लैङ्गिक हिंसाका सवाल र मुद्दालाई सहयोग गर्ने संयन्त्र विकास नभएको।

ज) लैंगिक तथा सामाजिक समानता र समावेशीकरण संवेदनशिल योजना तथा क्षमता विकासका कार्यक्रम गर्न सक्ने सक्षम जनशक्तिको विकास नभईसकेको।

झ) दिगो विकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी कार्यक्रमहरु नगरेको।

ञ) लैससास कार्यान्वयन समिति गठन नभएको।

**अवसरहरू**

क) स्थानीय कानुन, निर्देशिका तथा कार्यविधिहरू लैससास मैत्री बनाउन र कार्यान्वयन गर्न गाउँपालिका अधिकार सम्पन्न भएको।

ख) नेपालका संविधान, संघीय सरकार तथा गण्डकी प्रदेश सरकारका कानुन तथा नीतिहरूमा लैससासलाई विशेष प्राथमिकता दिएको हुँदा गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको कार्यक्रमहरु सञ्चालन गर्न सहज वातावरण रहेको।

**चुनौतीहरू**

क) वार्षक नीति, कार्यक्रम र बजेटलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाई कार्यान्वयन गर्न चुनौतिको रुपमा रहेको।

ख) टोल तथा बस्तीस्तरसम्मका लक्षित वर्गहरुलाई सचेत बनाई स्थानीय शासन प्रक्रियामा संयमित तथा अर्थपूर्ण सहभागिताको सूनिस्चिता कायम गर्न चुनौतिको रुपमा रहेको ।

ग) लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई कार्यान्वयन गर्न पदाधिकारी र कर्मचारीहरुको समान बुझाई र सक्रियताको खाँचो पर्ने हुँदा समान बुझाई तयार गर्न चुनौतिको रुपमा रहेको।

घ) लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धमा सचेतना टोल बस्ती स्तरसम्म पुर्याउन चुनौतिको रुपमा रहेको।

## परिच्छेद - ३
## लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९

### ३.१ नाम र प्रारम्भ

यस रणनीतिको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९" रहनेछ र यसको प्रारम्भ यस गाउँपालिकाको कार्यपालिकाले अनुमोदन गरेको मिति देखि लागू हुनेछ ।

### ३.२ परिभाषा

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा

क) "रणनीति" भन्नाले लंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ सम्झनु  पर्दछ ।

ख) "स्थानीय तह" भन्नाले बरेङ गाँउपालिका सम्झनु पर्छ ।

ग) "लैङ्गिक समानता" भन्नाले महिला र पुरुष बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

घ) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ ।

ङ) "बञ्चित समूह" भन्नाले यस गाउँपालिकाको परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरीक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने व्यक्ति वा समुदायलाई सम्झनु पर्दछ ।

च) "अल्पसंख्यक" भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, लैंगिक तथा यौनिक अल्पसंख्यक, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै लैंगिक,जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समुह समेतलाई जनाउँछ ।

छ) "सीमान्तकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय

कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

ज) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला, बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम आदि) एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग तथा समुदाय सम्झनु पर्छ ।

झ) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई सम्झनु पर्छ ।

ञ) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट" भन्नाले आवधिक तथा वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा समाजमा रहेका महिला तथा बञ्चितिमा परेका वर्ग समुदायहरुको रणनीतिक तथा ब्यवहारिक आवश्यकता र अपेक्षाहरु समेतको संबोधन गर्ने गरी योजना तथा बजेट तर्जुमा गर्ने कार्यलाई सम्झनु पर्छ ।

ट) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण" भन्नाले गाउँपालिकाले आवधिक तथा वार्षिक योजना तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्ने क्रममा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा कार्यान्वयनको अवस्थाको लेखाजोखा गर्ने कार्यलाई सम्झनु पर्छ ।

ठ) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले गाउँपालिकाको सबै खाले विकास कार्यहरुमा महिला तथा बञ्चितिमा परेका वर्ग समुदायहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

ड) "लैङ्गिक प्रभाव विष्लेषण" भन्नाले गाउँपालिकाको हकमा यहाँ लागू गरिएका नीति तथा कानुन र कार्यक्रमहरुबाट लैंगिक समानता प्रवर्द्धन गर्न परेको प्रभाव वा योगदानको लेखाजोखा गर्ने कार्यलाई सम्झनु पर्दछ ।

ढ) "सशक्तीकरण" भन्नाले महिला तथा बञ्चितिमा परेका वर्ग तथा समुदायको सामाजिक तथा आर्थिक सक्षमता विकास गर्ने कार्यलाई सम्झनु पर्दछ ।

ण) “खण्डीकृत तथ्याङ्क” भन्नाले महिला, पुरुष तथा आर्थिक र सामाजिक विविधताको आधारमा खण्डीकरण गरी राखिएको तथ्याङ्कलाई सम्झनु पर्दछ । यसमा महिला पुरुषको साथै दलित, जनजाति, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएको व्यक्ति, अल्पसंख्यक, मधेशी, मुस्लिम र अन्य लक्षित वर्गहरुको संख्या र स्थिति समेत जानकारी हुने गरी खण्डीकरण गरिएको तथ्यांक भन्ने सम्झनु पर्दछ ।

त) “कार्यक्रम” भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

थ) “योजना” भन्नाले समग्र विकास निर्माण सम्वन्धी कार्यको लागि तयार गरिएको गाउँपालिकाको आवधिक, वार्षिक, एकिकृत, विषयगत योजना आदि सम्झनु पर्छ ।

द) “स्थानीयकरण” भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई गाउँपालिकाको बिशिष्ट परिस्थिति वा अवस्थाको आधारमा संसोधन वा परिमार्जन गरी स्थानसापेक्षा बनाउने कार्यलाई सम्झनु पर्छ ।

ध) “लैससास सम्पर्क व्यक्ति” भन्नाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण विषयलाई हेर्न तोकिएको व्यक्ति सम्झनु पर्छ ।

न) “विकास साझेदार” भन्नाले गाउँपालिकाको विकास कार्यहरुमा आर्थिक तथा अन्य क्षेत्रमा साझेदारी गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी तथा निजी संस्था सम्झनु पर्छ ।

ऩ) “टोल विकास संस्था” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ (२) क बमोजिम टोल बस्ती स्तरमा गठन तथा सञ्चालन हुने सामुदायिक संस्था सम्झनु पर्छ ।

प) “उपभोक्ता समिति” भन्नाले कुनै योजना/आयोजनाका उपभोक्ताहरुले उक्त योजना/आयोजना कार्यान्वयन गर्नको लागि तिनै उपभोक्ता मध्येवाट प्रचलित कानुन अनुसार गठन गरेको समिति सम्झनु पर्छ ।

फ) “सामुदायिक संस्था” भन्नाले कुनै टोल बस्तीमा सामुदायिक हितको संरक्षण तथा विकासको लागि गठन भएको संस्था सम्झनु पर्छ ।

ब) “गैरसरकारी संस्था” भन्नाले प्रचलीत कानून वमोजिम स्थापना गैर नाफामूलक संस्था सम्झनु पर्छ ।

### ३.३ दीर्घकालिन सोच

क) लैंगिक तथा सामाजिक रुपमा समतामूलक र समावेशी समाज निर्माण हुने ।

### ३.४ लक्ष्य

यस रणनीतिको लक्ष्य महिला तथा अन्य बञ्चितिकरणमा परेका समुदाय वा व्यक्तिको मौलिक हकको रक्षा गर्दै सहभागिता, सहकार्य र सशक्तिकरणको माध्यमबाट उक्त वर्ग वा समुदायलाई विकासको मूल प्रवाहमा समहित गरी समानुपातिक र समतामूलक समाजको स्थापना गर्नु रहेको छ ।

### ३.५ उद्देश्य

लैससास रणनीतिको मुख्य उद्देश्य गाउँपालिकामा लैंगिक तथा सामाजिक समावेशीकरण तथा उपलब्ध स्रोत साधनहरुमा महिला तथा बञ्चितिमा परेका लक्षित वर्गहरुको समान पहुँचको सूनिस्चित गरी समतामूलक तथा समावेशी समाजको स्थापना गर्ने हो । यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छन्:

क) गाउँपालिकाका नीति तथा कानुनहरु, संस्थागत संरचना र कार्यक्रम तथा बजेट विनियोजनमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा कार्यान्वयन गर्ने ।

ख) गाउँपालिकाका महिला तथा सामाजिक आर्थिक रुपमा बञ्चितिमा परेका समुदायहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण तथा क्षमता विकास गर्ने ।

ग) गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई लैससास कार्यान्वयनको लागि सक्षम तुल्याउन क्षमता विकास गर्ने ।

घ) लैससासको प्रभावकारी कार्यान्वयन गर्न सरोकारवाला निकायहरुसंग प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

### ३.६ लैससास मूलप्रवाहीकरणको सिद्दान्त

यस गाउँपालिकाको लैससास रणनीतिको सैद्धान्तिक पक्षहरु देहाय अनुसार प्रस्तुत गरिएको छः

#### ३.६.१ मूलप्रवाहिकरण

बञ्चितिकरणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण, संस्कृति, योजना, कार्यक्रम तथा बजेट र सेवा प्रवाह आदि कार्य मार्फत उनीहरुलाई समग्र स्थानीय विकासको प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ ।

खेदाङ गाउँपालिका, बालुङ

### ३.६.२ सशक्तिकरण

बञ्चितिकरणमा परेका समुदायहरुको राज्य सञ्चालन तथा समग्र विकास प्रणालीमा समान सहभागिताको लागि निजहरुलाई सशक्तिकरण गर्दै लगिनेछ।

### ३.६.३ क्षमता विकास

क) गाउँपालिका तहमा लैससास कार्यान्वयनको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन तथा परिचालन गरिनेछ।

ख) स्थानीय लक्षित समुह/समुदायको आर्थिक तथा सामाजिक सक्षमता विकासको लागि व्यक्तिगत र सामुहिक क्षमता विकास गरिनेछ।

### ३.६.४ समन्वय, सहकार्य र सहजिकरण

लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित निकाय र सरोकारवालाहरुसंग समन्वय, सहकार्य र सहजीकरण गरिनेछ।

## ३.७ लैससास कार्यान्वयनको मूल्य मान्यता

यस रणनीतिको कार्यान्वयनको क्रममा देहायका मूल्यमान्यताहरु अवलम्बन् गरिनेछः

क) लैससास कार्यान्वयनको क्रममा सम्बन्धित बञ्चितिमा परेका समुदायहरुको समानुपातिक सहभागिता गराईने।

ख) कार्यक्रम सम्पादन गर्दा सुशासनका आवधारणालाई अंगिकार गरिने।

ग) लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सवालहरुको दिगो संवोधन गर्नको लागि लक्षित वर्गहरुको सचेतना विकास र सशक्तिकरणलाई केन्द्र विन्दुमा राखी कार्य गरिने।

## ३.८ लैससास नीति र रणनीतिहरु

यस गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई प्रभावकारी कार्यान्वयन गर्न समय सापेक्ष र स्थानीय सरोकारवालाहरुको मागको आधारमा देहायका नीति, रणनीति र कार्यनीतिहरु समावेश गरिएको छः

बरुङ गाउँपालिका, बागलुङ

### ३.८.१ लैससास उत्तरदायी नीति, कानुन र संस्थागत संरचना

**नीति**

क) गाउँपालिकाका नीति कानुन र कार्यविधिहरु लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाई कार्यान्वयन गरिनेछ (उद्देश्य २.४ क संग सम्बन्धित)।

ख) गाउँपालिकाका संस्थागत संरचना लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाईनेछ (उद्देश्य २.४ क संग सम्बन्धित)।

**रणनीति**

क) गाउँपालिकाको नीति, कानुन, कार्यविधि, योजना तथा बजेट लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

ख) गाउँपालिकाका संस्थागत संरचना लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाई कार्यान्वयन गरिनेछ।

### ३.८.२ सशक्तीकरण तथा सहभागिता

**नीति**

क) गाउँपालिका क्षेत्रका महिला तथा बञ्चितिकरणमा परेका समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण गरिनेछ (उद्देश्य २.४ ख संग सम्बन्धित)।

ख) गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको विकाससंग सम्बन्धित क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिता र श्रोत साधनमा पहुँच बृद्धि गरिनेछ।

**रणनीति**

क) गाउँपालिका क्षेत्रका महिला तथा बञ्चितिकरणमा परेका समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण तथा क्षमता विकासका कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गरिनेछ।

ख) गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको विकाससंग सम्बन्धित क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिता र श्रोत साधनमा पहुँच बृद्धिको लागि समतामूलक वातावरण तयार गरिनेछ।

### ३.८.३ लैससास कार्यान्वयनकर्ता र सरोकारवालाको क्षमता विकास

**नीति**

छुङ गाउँपालिका, बाग्लुङ

क) गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउन क्षमता अभिबृद्धि गरिनेछ (उद्देश्य २.४ ग संग सम्बन्धित)।

**रणनीति**

क) गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी बनाउन क्षमता विकासका लागि पहलहरु गरिनेछ।

### ३.८.४ समन्वय, सहकार्य र सहजीकरण

**नीति**

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरणका नीति तथा रणनीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सवै सरोकारवालाहरुसंग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गरिनेछ। (उद्देश्य २.४ ग संग सम्बन्धित)।

**रणनीति**

क) लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, विकास साझेदार, गैरसरकारी र निजी क्षेत्रका निकायहरुसंग साझेदारी तथा समन्वय गर्ने।

### ३.८.५ अनुगमन तथा मूल्याङ्कन र सुशासन

**नीति**

क) गाउँपालिकाका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन प्रणालीमा लैससास उत्तरदायी दृष्टिकोण लागू गरिनेछ। (उद्देश्य २.४ घ संग सम्बन्धित)।

ख) गाउँपालिकामा सुशासनका सबै बिधिहरु अवलम्बन गरी लैससास विकासलाई प्रभावकारी बनाईनेछ।

**रणनीति**

क) गाउँपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

ख) गाउँपालिकामा लैससासको प्रभावकारी कार्यान्वयनको लागि सुशासन र उत्तरदायित्व प्रवर्द्धन गरिनेछ।

बेडकोट गाउँपालिका बाग्लुङ

## ३.९ कार्यनीति

### ३.९.१ कार्यनीति (रणनीति ३.८.१ 'क' संग सम्बन्धित)

| |
|---|
| **रणनीतिः** गाउँपालिकाका नीति, कानुन र कार्यविधिहरु लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाई कार्यान्वयन गरिनेछ। |

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) गाउँपालिकाका स्थानीय नीति, कानुन तथा कार्यविधिहरु लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाउन लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिले उक्त नीति तथा कानुनका दस्तावेजहरुको समिक्षा गराई संसोधनका र थप व्यवस्थाका विषयहरु पहिचान गरिनेछ।

ख) गाउँपालिकालाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयनको लागि अलग्गै नीति तथा रणनीति तयार गरी लागू गरिनेछ।

ग) गाउँपालिकाका आवधिक, क्षेत्रगत र वार्षिक नीति, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी तर्जुमा र कार्यान्वयन गरिनेछ ।

घ) गाउँपालिका तहका लैससास कार्यान्वयन समितिले स्थानीय निकायको आवधिक तथा वार्षिक योजनामा लैससास उत्तरदायी वजेट कार्यान्वयन भए नभएको सुनिस्चित गर्नेछ।

ङ) लैससास उत्तरदायी वजेट तर्जुमा तथा लैससास बजेट परीक्षणलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याईनेछ।

च) सेवा प्रदायक तथा सरोकारवालाहरुलाई लैससास उत्तरदायी वजेट विधि कार्यान्वयन सम्बन्धि ज्ञान तथा सीप विकास गर्ने।

छ) गाउँपालिकाले पहिचान गरेका गरीब तथा बञ्चितिकरणमा परेका समुदायको रणनीतिक तथा ब्यवहारिक आवश्यकताको पहिचान गरी सोही बमोजिम स्थानीय नीति, कार्यक्रम तथा बजेट बिनियोजनको व्यवस्था गरिनेछ।

ज) लैससास बजेट परीक्षणवाट देखिएका समस्या तथा सुधार गर्नु पर्ने पक्षहरुको वार्षिक तथा आवधिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

झ) गाउँपालिकाको समग्र विकास योजना तर्जुमा प्रक्रियामा महिला तथा वञ्चितीकरणमा परेका समुदायको लागि विद्यमान प्रावधानहरू र गाउँपालिकाको जिम्मेवारीका सम्बन्धमा सुसूचित गराउन चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

ञ) वार्षिक योजना तथा कार्यक्रममा महिला तथा बालबालिकाका लागि छुट्टाछुट्टै राखेर उनीहरूका आवश्यकताको पहिचान गरी कार्यक्रम तथा बजेट निर्माण गर्ने व्यवस्था लागू गरिनेछ ।

ट) गाउँपालिकाका सेवा प्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालाई लैससास उत्तरदायी वजेट सम्बन्धि सूचना तथा जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गरिनेछ ।

ठ) स्थानीय सेवाप्रदायक निकायहरुमा संलग्न जनशक्तिको कार्यशैली लैससास मैत्री बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गरिनेछ ।

ड) गाउँपालिकालाई सबै खाले हिंसामुक्त तथा कुसंस्कारमुक्त घोषणा गर्नका लागि निश्चित कार्यक्रमहरूको पहिचान, योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

ढ) दिगो विकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट बिनियोजन तथा कार्यान्वयन गरिनेछ ।

ण) संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरुमा रकम बिनियोजन कार्यान्वयन गरिनेछ ।

त) गाउँपालिकाको सुशासन र उत्तरदायित्व सम्बन्धी स्थानीय नीति तथा कानुनहरु तर्जुमा गरी लागू गरिनेछ ।

### ३.९.२ कार्यनीति (रणनीति ३.८.१ 'ख' संग सम्बन्धित)

**रणनीतिः** गाउँपालिकाका संस्थागत संरचना लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाईनेछ ।

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) गाउँपालिकाको संस्थागत संरचना र प्रणालीहरुलाई लैससास मैत्री तुल्याउन बनेका नीतिगत व्यवस्थाहरुको कार्यान्वयन योजनाबद्ध रुपमा गरिने र थप व्यवस्थाहरुको लागि नीति तथा कानुनहरुमा समयसापेक्ष तथा आवश्यकताको आधारमा संसोधन तथा परिमार्जन गरिनेछ ।

ख) गाउँपालिकामा लैससास डेस्क स्थापना र कर्मचारीको व्यवस्था तथा उक्त डेस्कलाई प्रबिधियूक्त बनाईनेछ ।

ग) गाउँपालिकामा मानव संसाधन विकास केन्द्रको स्थापना र सञ्चालन गरिनेछ ।

घ) गाउँपालिकाले प्रवाह गर्ने प्रशासनिक तथा विकासका सेवाहरुमा समतामूलक पहुँचको लागि आवश्यक बिधि तथा सहयोगी संयन्त्रहरुको व्यवस्था गरी लागू गरिनेछ ।

ङ) टोल विकास संस्था, स्थानीय सहकारी, उपभोक्ता समिति तथा अन्य संघ संस्थामा महिला सहभागितामा प्रोत्साहन तथा नियमनको बिधि तयार गरी लागू गरिनेछ।

च) खण्डीकृत तथ्याङ्क र तथ्यगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरी गरिब तथा बञ्चितिकरणमा परेका समूहको पहिचान गरिनेछ।

छ) निजी तथा सार्वजनिक भौतिक संरचना निर्माण गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिका लागि निर्वाध रुपमा उपयोग गर्न मिल्ने भौतिक संरचना तयार गर्न नीति कार्यान्वयन गरिनेछ।

ज) कार्यस्थलहरुमा महिलाको लागि फरक सौचालय, स्तनपान कोठा र कार्यस्थलमा बाल हेरचाह सुविधाको व्यवस्था लागू गरिनेछ।

### ३.९.३ कार्यनीति (रणनीति ३.८.२ 'क' संग सम्बन्धित)

| |
|---|
| **रणनीतिः** गाउँपालिका क्षेत्रका महिला तथा बञ्चितिकरणमा परेका समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण तथा क्षमता विकासका कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गरिनेछ। |

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको लागि महिलालाई लैंगिक हिंसा तथा जातीय बिभेद जस्ता बिषयमा कानुनी शिक्षाका कार्यक्रमहरु टोल वा बस्तीस्तरमा कार्यान्वयन गरिनेछ।

ख) गाउँपालिकामा बाल विवाहको चलन रहेको र सो सम्बन्धमा सचेतना र नियमन गर्ने बारेमा कार्यक्रम कार्यान्वयन गरिनेछ।

ग) गाउँपालिकाका बिभिन्न समिति र नीति निर्माण तथा निर्णय तहमा महिलाको सहभागिताको सूनिस्चित गरिने र निजहरुको जिम्मेवारी सम्बन्धमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

घ) महिला तथा बञ्चितिकरणमा परेका समुदायको मौलिक हक र कानुनी व्यवस्थाहरु, अन्तर्राष्ट्रिय घोषणा तथा महासन्धीहरु, दिगो विकास लक्ष्य र लैससास बारेमा अनुशिक्षण तथा तालिमहरु बस्तीस्तरमा सञ्चालन गरिनेछ।

ङ) महिला तथा बालबालिका हिंसाका प्रकारहरु, हिंसाको उपचार तथा कानुनी व्यवस्था, हिंसा न्यूनिकरणमा स्थानिय नागरिकहरुको भूमिका र जिम्मेवारी सम्बन्धमा अभिमूखिकरण तथा सचेतनामूलक तालिमहरुको व्यवस्था गरिनेछ।

च) बाल अधिकार, बालमैत्री परिवार र समाज स्थापनाको लागि सचेतनामूलक तालिमहरु बस्ती स्तरमा कार्यान्वयन गरिनेछ।

छ) लैंगिक समानता र महिला सशक्तिकरण सम्बन्धमा बिभिन्न कार्यशाला तथा कन्फिरेन्स, सार्वजनिक सुनुवाई, छलफल र वहसका कार्यक्रमहरु आयोजना गरिनेछ।

ज) महिला तथा बञ्चितिमा परेका व्यक्ति तथा समुदायको लागि उद्यमशिलता सचेतना तथा व्यवसायिक सिप विकास तालिमहरु कार्यान्वयन गरिनेछ।

झ) विपन्न वर्गहरुलाई सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धिको लागि निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सचेत गराईनेछ।

**३.९.४ कार्यनीति (रणनीति ३.८.२ 'ख' संग सम्बन्धित)**

| |
|---|
| **रणनीतिः** गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको विकाससंग सम्बन्धित क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिता र श्रोत साधनमा पहुँच बृद्धिको लागि समतामूलक वातावरण तयार गरिनेछ । |

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) गाउँपालिकाका समिति उपसमितिहरुमा महिलाको प्रतिनिधित्व व्यवस्था गरिएको हुँदा सोही अनुसार निजहरुको अर्थपूर्ण सहभागिताको लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।

ख) गाउँपालिकामा सेवा प्रवाहको क्रममा महिला तथा बञ्चितिमा परेका वर्गको योजना तथा बजेट वितरण र कार्यान्वयनमा पहिलो प्राथमिकता दिई कार्यान्वयन गरिनेछ।

ग) योजना तर्जुमा तथा नीति निर्माण कार्यमा महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सूनिस्चित गर्न अग्रिम जानकारी र सो सम्बन्धी स्रोत सामाग्री उपलब्ध गराईनेछ।

घ) टोल विकास संस्था, स्थानीय सहकारी, उपभोक्ता समिति तथा अन्य संघ संस्थामा महिला तथा बञ्चितिमा परेका व्यक्ति वा समुदायको सहभागिताको लागि नियमन गरिनेछ।

ङ) अनौपचारिक क्षेत्रमा महिला र पुरुषलाई समान ज्यालाको नीति तथा कानुन तयार गरी लागू गरिनेछ।

च) औपचारिक तथा अनौपचारिक क्षेत्रहरुमा रहेका बिभेदजन्य अभ्यासहरु बिरुद्धमा सचेतना र न्यूनिकरण गर्ने कार्यहरु कार्यान्वयन गरिनेछ।

**३.९.५ कार्यनीति (रणनीति ३.८.३ 'क' संग सम्बन्धित)**

| |
|---|
| **रणनीतिः** गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी बनाउन क्षमता विकासका लागि पहलहरु गरिनेछ। |

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा प्रशिक्षक तथा स्रोत व्यक्तिहरु तयार गर्नको लागि सो सम्बन्धी प्रशिक्षक प्रशिक्षण (ToT) सञ्चालन गरिनेछ।

ख) लैससास तथा सिप तथा क्षमता विकास क्षेत्रका विज्ञहरुको विवरण तयार गरी उपयोग गरिनेछ।

ग) गाउँपालिकाका कर्मचारी, सेवा प्रदायक संस्था तथा योग्य व्यक्तिहरुलाई क्षमता विकासका बिभिन्न क्षेत्रमा तालिम उपलब्ध गराई स्रोतव्यक्तिको रुपमा उपयोग गरिनेछ।

घ) स्थानीय तहका पदाधिकारीहरु र कर्मचारीहरुलाई महिला, बालबालिका तथा अन्य लक्षित समुहको संरक्षण र विकाससंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरु र राष्ट्रिय कार्ययोजनाहरु बारेमा अभिमूखिकरण तालिम सञ्चालन गरिनेछ।

ङ) महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी तालिमहरु अनुशिक्षण गर्न स्थानीय स्रोतव्यक्ति तयारी तथा परिचालन गरिनेछ।

**३.९.६ कार्यनीति (रणनीति ३.८.४ 'क' संग सम्बन्धित)**

| |
|---|
| **रणनीतिः** लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, विकास साझेदार, गैरसरकारी र निजी क्षेत्रका निकायहरुसंग साझेदारी तथा समन्वय गरिनेछ। |

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) गाउँपालिकाको संयोजकत्वमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्य गर्ने र सरोकारवाला संस्था निकायहरुको एक लैससास सञ्जाल तयार गरी परिचालन गरिनेछ।

ख) लैससासको क्षेत्रमा कार्य गर्ने संस्था निकायहरुसंग कार्यगत साझेदारी गरिनेछ।

**३.९.७ कार्यनीति (रणनीति ३.८.५ 'क' संग सम्बन्धित)**

| |
|---|
| **रणनीतिः** गाउँपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लगिनेछ। |

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) गाउँपालिकाको कार्यक्रम तथा परियोजना अनुगमन तथा मूल्यांकन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायको प्रतिनिधिको संलग्न सूनिस्चित गरिनेछ।

ख) गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमहरुको अनुगमन मूल्यांकन गर्दा लाभान्वित वर्गलाई पुगेको लाभ असर र प्रभाव लैससासको हिसाबले बिश्लेषण गरिनेछ।

### ३.९.८ कार्यनीति (रणनीति ३.८.५ 'ख' संग सम्बन्धित)

| |
|---|
| **रणनीतिः** गाउँपालिकामा लैससासको प्रभावकारी कार्यान्वयनको लागि सुशासन र उत्तरदायित्व प्रवर्द्धन गरिनेछ। |

माथि उल्लेखित रणनीति अन्तरगत देहाय अनुसारका कार्यनीतिहरु कार्यान्वयन गरिनेछः

क) स्थानीय तहले तर्जुमा गरेको नीति कार्यक्रम तथा बजेटको जानकारी लक्षित वर्गहरुलाई उपलब्ध गराउने प्रणाली कार्यान्वयन गरिनेछ।

ख) स्थानीय तहले तोकिएको समयमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सामाजिक परीक्षण र सूचना सार्वजनिकीकरण गर्नेछ। सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सामाजिक परीक्षण कार्यमा महिला तथा बञ्चितिमा परेका समुदायको सहभागिता सूनिस्चित गरिनेछ।

ग) स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्ने कार्य नियमित गरिनेछ।

घ) लैससास विकासलाई प्रभावकारी कार्यान्वयनको लागि योग्य र अनुभवी सल्लाहकार नियूक्ति गरी उपयोग गरिनेछ।

## ३.१० लैससास कार्यान्वयन कार्य योजना र अनुमानित बजेट

यस रणनीतिको कार्यान्वयनको लागि देहाय अनुसारको ५ वर्षे कार्ययोजना र अनुमानित बजेट तयार गरिएको छः

तालिका १: लैससास रणनीति कार्यान्वयन कार्ययोजना

| क्र सं | संस्थागत क्षमता विकासका कार्यक्रमहरु | कार्यक्रमको प्रकृति | जिम्मेवार शाखा | संख्या | अनुमानित बजेट रु (हजारमा) | आ ब २०८०/८१ | | आ ब २०८१/८२ | | आ ब २०८२/८३ | | आ ब २०८३/८४ | | आ ब २०८४/८५ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | संख्या | बजेट रु (हजारमा) | संख्या | बजेट रु (हजारमा) | संख्या | बजेट रु (हजारमा) | संख्या | बजेट रु (हजारमा) | संख्या | बजेट रु (हजारमा) |
| १ | **रणनीति:** गाउँपालिकाका नीति, कानुन र कार्यविधिहरु लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाई कार्यान्वयन गरिनेछ। | | | | | | | | | | | | | | |
| **१.१** | स्थानीय नीति तथा कानुनका लैससास समिक्षा गरी संसोधन र थप व्यवस्थाका विषयहरु पहिचान | नीति, कानुन तथा योजना | कार्यपालिका | ५ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० |
| **१.२** | लैससास उत्तरदायी बजेट तर्जुमा र कार्यान्वयन | नीति, कानुन तथा योजना | कार्यपालिका | ५ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० |
| **१.३** | लैससास बजेट परीक्षण | नियमन | सा. वि. शाखा | ५ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० |
| **१.४** | लैससास बजेट परीक्षणको | नियमन | सबै शाखाहरु | ५ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुझावहरु कार्यान्वयन | | | | | | | | | | | | |
| १.५ | दिगो विकासका लक्ष्यहरु स्थानीयकरण | नीति, कानुन तथा योजना | कार्यपालिका | ५ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० |
| १.६ | संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ स्थानीयकरण | नीति, कानुन तथा योजना | कार्यपालिका | ५ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० |
| १.७ | सुशासन र उत्तरदायित्व सम्बन्धी स्थानीय नीति तथा कानुन निर्माण | नीति, कानुन तथा योजना | कार्यपालिका | २ | २०० | २ | ४०० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | **रणनीतिः** गाउँपालिकाका संस्थागत संरचना लैंगिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बनाईनेछ। | | | | | | | | | | | | |
| २.१ | लैससास डेस्क स्थापना र कर्मचारीको व्यवस्था | संस्थागत संरचना | कार्यपालिका | ५ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० |
| २.२ | मानव संसाधन विकास केन्द्रको स्थापना र सञ्चालन | संस्थागत संरचना | कार्यपालिका | ५ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.३ | सेवाग्राही सहयोग कक्ष स्थापना र सञ्चालन | संस्थागत संरचना | कार्यपालिका | ५ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० |
| २.४ | टोल विकास संस्था, स्थानीय सहकारी, उपभोक्ता समिति तथा अन्य संघ संस्थामा लैससास परीक्षण | नियमन | सा वि शाखा | ५ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० |
| २.५ | महिला, बालबालिका, अपाङ्गतामैत्री भौतिक संरचना तयारी सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन | नीति, कानुन तथा योजना | कार्यपालिका | १ | ० | १ | ० | | ० | | ० | | ० | | ० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.६ | महिलाको लागि फरक सौचालय, स्तनपान कोठा र कार्यस्थलमा बाल हेरचाह सुविधाको व्यवस्था सम्बन्धी नीतिगत व्यवस्था | नीति, कानुन तथा योजना | कार्यपालिका | १ | ० | १ | ० | | ० | | ० | | ० | | ० |
| ३ | **रणनीतिः** गाउँपालिका क्षेत्रका महिला तथा बञ्चितिकरणमा परेका समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण तथा क्षमता विकासका कार्यक्रमहरु पहिचान गरी कार्यान्वयन गरिनेछ। | | | | | | | | | | | | | | |
| ३.१ | लैंगिक तथा लक्षित वर्ग कानुनी शिक्षा कार्यक्रम | सशक्तिकरण | सा वि शाखा | २५ | १०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० |
| ३.२ | बाल विवाह विरुद्ध सचेतनामूलक कार्यक्रम | सशक्तिकरण | सा वि शाखा | २५ | १०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० |
| ३.३ | महिला तथा बालबालिका हिंसा बिरुद्ध सचेतनामूलक कार्यक्रम | सशक्तिकरण | सा वि शाखा | २५ | १०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **३.४** | लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यशाला | सशक्तिकरण | सा वि शाखा | ५ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० |
| **३.५** | लैंगिक तथा लक्षित वर्ग सशक्तिकरण कार्यक्रम | सशक्तिकरण | सा वि शाखा | २५ | १०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | ५ | ५०० |
| ४ | **रणनीतिः** गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको विकाससंग सम्बन्धित क्रियाकलापहरुमा अर्थपूर्ण सहभागिता र श्रोत साधनमा पहुँच बृद्धिको लागि समतामूलक वातावरण तयार गरिनेछ । | | | | | | | | | | | | |
| **४.१** | महिला तथा अन्य लक्षित वर्गको रणनीतिक तथा व्यवहारिक आवश्यकता पहिचान गर्न सम्बन्धित वर्गको सहभागिता | सहभागिता | सबै शाखाहरु | ५ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० |
| **४.२** | अनौपचारिक क्षेत्रमा महिला र पुरुषलाई समान ज्यालाको नीति | नीति, कानुन तथा योजना | कार्यपालिका | १ | ३०० | १ | ३०० | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा कानुन तयारी र लागू गर्ने | | | | | | | | | | | | | | |
| **४.३** | समाजमा बिभेदजन्य अभ्यासहरु बिरुद्धमा सचेतनामूलक कार्यक्रम | सशक्तिकरण | सा वि शाखा | १५ | १०० | ३ | ३०० | ३ | ३०० | ३ | ३०० | ३ | ३०० | ३ | ३०० |
| **५** | **रणनीतिः** गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा सेवा प्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रति उत्तरदायी बनाउन क्षमता विकासका लागि पहलहरु गरिनेछ । | | | | | | | | | | | | | | |
| **५.१** | लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रशिक्षक प्रशिक्षण (ToT) | क्षमता विकास | सा वि शाखा | ५ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० |
| **५.२** | लैससास तथा सिप तथा क्षमता विकास क्षेत्रका विज्ञहरुको विवरण (Roster) तयारी | नियमन | सा वि शाखा | ५ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० |

बोडङ गाउँपालिका, बागलुङ

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **५.३** | पदाधिकारी र कर्मचारीहरुलाई लैससास सम्बन्धी भएको राष्ट्रिय र अन्तर्राष्टिय व्यवस्था सम्बन्धी अभिमूखिरण | क्षमता विकास | सा वि शाखा | ५ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० |
| **६** | **रणनीति**ः लैससास सम्बन्धी विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, विकास साझेदार, गैरसरकारी र निजी क्षेत्रका निकायहरुसंग साझेदारी तथा समन्वय गरिनेछ। | | | | | | | | | | | | | | |
| **६.१** | लैससास सञ्जाल गठन र परिचालन | साझेदारी र समन्वय | सा वि शाखा | ५ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० | १ | २०० |
| **६.२** | लैससास कार्यान्वयनमा साझेदारी कार्यक्रम | साझेदारी र समन्वय | सा वि शाखा | ५ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० | १ | ५०० |
| **७** | **रणनीति**ः गाउँपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लगिनेछ। | | | | | | | | | | | | | | |



बरेङ गाउँपालिका, बागलुङ

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **७.१** | कार्यक्रम तथा परियोजना अनुगमन तथा मूल्यांकनमा लक्षित वर्गको सहभागिता सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन | अनुगमन र मूल्यांकन | कार्यपालिका | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **७.२** | कार्यक्रम तथा परियोजना अनुगमन तथा मूल्यांकनमा लैससास प्रभाव विश्लेषण | अनुगमन र मूल्यांकन | सा वि शाखा | ५ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० |
| ८ | **रणनीतिः** गाउँपालिकामा लैससासको प्रभावकारी कार्यान्वयनको लागि सुशासन र उत्तरदायित्व प्रवर्द्धन गरिनेछ। | | | | | | | | | | | | | | |
| **८.१** | नीति कार्यक्रम तथा बजेटको जानकारी लक्षित वर्गहरुलाई उपलब्ध गराउने प्रणालीको कार्यान्वयन | सुशासन र उत्तरदायित्व | प्रशासन शाखा | ५ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८.२ | सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सामाजिक परीक्षण कार्यमा लक्षित वर्गको सहभागिता | सुशासन र उत्तरदायित्व | प्रशासन शाखा | १५ | ० | ३ | ० | ३ | ० | ३ | ० | ३ | ० | ३ | ० |
| ८.३ | स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह | सुशासन र उत्तरदायित्व | सा वि शाखा | ५ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० | १ | ३०० |
| ८.४ | लैससास क्षेत्रमा विषय विज्ञ वा परामर्शदाता नियूक्ति र परिचालन | सुशासन र उत्तरदायित्व | सा वि शाखा | ५ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० | १ | ० |
| | | | | | | ५३ | ६४०० | ४७ | ५७०० | ४७ | ५७०० | ४७ | ५७०० | ४७ | ५७०० |

बोङ गाउँपालिका, बागलुङ

## परिच्छेद - ४
# लैससास रणनीति कार्यान्वयन, अनुगमन र प्रतिवेदन

### ४.१ रणनीतिको कार्यान्वयन

लैससास रणनीति कार्यान्वयनका चरणहरु देहाय अनुसार हुनेछः

तालिका २: लैससास रणनीति कार्यान्वयनको रणनीतिक चरणहरु

| चरण | रणनीतिक कार्यहरु | समय अवधि | कार्यनीतिहरु |
|---|---|---|---|
| १ | लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संरचना तयारी | प्रथम वर्ष | ▪ लैससास कार्यान्वयन कार्यविधि तयार गर्ने।<br>▪ उक्त कार्यविधि अनुसार लैससास कार्यान्वयन समिति गठन गरी कार्य बिवरण दिई परिचालन गर्ने।<br>▪ लैससास सम्पर्क ब्यक्तिको ब्यवस्था गरी कार्यजिम्मेवारी उपलब्ध गराउने।<br>▪ आवश्यकता अनुसार सहायक कर्मचारीहरु तोकी जिम्मेवारी दिने। |
| २ | योजना स्वीकृति र बजेट सूनिश्चितता | १ - ५ वर्ष | ▪ लैससास रणनीति कार्यपालिकावाट स्वीकृत गराउने।<br>▪ लैससास रणनीतिका कार्यक्रमहरुलाई आवधिक र वार्षिक योजनामा समावेश गर्ने।<br>▪ लैससास विकासका कार्यक्रमको लागि साझेदार निकायहरुको पहिचान र बजेट साझेदारी सूनिश्चित गर्ने। |
| ३ | बस्तु तथा सेवा खरिद | १ - ५ वर्ष | ▪ नगरपालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेटमा समावेश भएका कार्यक्रमहरु अनुसारका बस्तु र सेवा खरिदका कार्यक्रमहरु पहिचान गर्ने।<br>▪ लैससास विकास कार्यक्रमका लागि परामर्श सेवा खरिदको कार्ययोजना तयार गर्ने।<br>▪ परामर्श सेवा खरिद कार्य गर्ने। |
| ४ | लैससास रणनीति कार्यान्वयन | १ - ५ वर्ष | ▪ लैससास परामर्श सेवा खरिद सम्झौता गरी कार्य गराउने। |

| | | | |
|---|---|---|---|
| | | | ▪ नगरपालिका आफैले सञ्चालन गर्ने लैससास विकासका कार्यक्रमहरु सम्बन्धित शाखाले कार्यान्वयन गर्ने । |
| ५ | कार्यक्रमहरुको अनुगमन | १ - ५ वर्ष | ▪ नगरपालिका तथा वडा स्तरका अनुगमन समितिहरुलाई कार्यान्वयनमा रहेका लैससास विकास कार्यक्रम र अनुगमनका बिषयबस्तुहरु बारेमा अभिमूखिकरण गर्ने ।<br>▪ नतिजामूखि अनुगमन पद्दति कार्यान्वयन गर्ने ।<br>▪ अनुगमन प्रतिवेदन प्राप्त गर्ने र सुझावहरु कार्यान्वयन गराउने । |
| ६ | लैससास विकास कार्यक्रमहरुको मूल्याङ्कन | १ - ५ वर्ष | ▪ कार्यक्रमको प्रभावकारिता मूल्याङ्कनको लागि आन्तरिक टोली वा बाह्य परामर्शदाता नियूक्ति गर्ने ।<br>▪ हरेक कार्यक्रमहरुको कार्यान्वयन पश्चात तत्कालका प्राप्तिहरुको मूल्यांकन गराउने । |
| ७ | लैससास रणनीति अध्यावधिक गर्ने | १ - ५ वर्ष | ▪ कार्यक्रमगत मूल्याङ्कन प्रतिवेदनले दिएका सुझावहरुको समिक्षा गर्ने ।<br>▪ लैससास रणनीतिमा सुधार गर्नु पर्ने कार्यहरु वा बिधिहरु संसोधन वा अध्यावधिक गर्ने । |

### ४.२ लैससास कार्यान्वयनको लागि समितिहरु गठन, परिचालन र जिम्मेवारी

#### ४.२.१ लैससास कार्यान्वयन समिति गठन

यस गाउँपालिकामा निम्नानुसारको सदस्यहरु रहने गरि लैससास कार्यान्वयन समिति गठन गरिनेछः

क) गाउँपालिका अध्यक्ष ------------- संयोजक

ख) गाउँपालिका उपाध्यक्ष ------------- सदस्य

ग) गाउँपालिका सदस्यहरु (एक महिला सहित २ जना) --------- सदस्य

घ) दलित समुदायका प्रतिनिधि एक जना -------------- सदस्य

ङ) जनजाति समुदायका प्रतिनिधि एक जना ------------ सदस्य

च) सामाजिक विकास शाखा प्रमुख ------------------ सदस्य सचिव

### ४.२.२ लैससास कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार

लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार देहाय अनुसार हुनेछः

ग) गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि आवश्यक नीति, रणनीति, कानुनी व्यवस्थाहरुको आवश्यकता पहिचान गरी उक्त नीति रणनीति तथा कानुनहरु तर्जुमा गर्न सहयोग गर्ने।

घ) गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुह/समुदायको खण्डीकृत तथ्याङ्क व्यवस्थापन र अद्यावधिक गराउने।

ङ) गाउँपालिकाको नियमित सेवा प्रवाह र विकास निर्माणका गतिबिधिहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुह/समुदायको क्षमता विकास, सशक्तिकरण र अर्थपूर्ण सहभागिताको लागि आवश्यक कार्यक्रमहरु वार्षिक तथा आवधिक योजनामा समावेश तथा कार्यान्वयन गर्न सहजीकरण गर्ने।

च) लैससास कार्यान्वयनको लागि संस्थागत विकासका कार्यहरु पहिचान तथा कार्यान्वयनमा गाउँपालिकालाई सहयोग गर्ने।

छ) गाउँपालिकाका सबै कार्यक्रमहरुमा लैससासको दृष्टिले अनुगमन, मूल्यांकन र लैससास बजेट परिक्षण कार्य गर्ने।

ज) गाउँपालिकामा लैससास सम्बन्धि कार्यक्रमहरु गर्न सरोकारवाला निकायहरुसंग समन्वय, सहकार्य र सहजीकरण गर्ने।

### ४.२.३ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको परिचालन

गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण समितिको परिचालन कार्यविधि तयार गरी सोही बमोजिम कार्यान्वयन गर्न सक्नेछ।

### ४.३ विभिन्न सरोकारवालाको भूमिका

लैससास रणनीति कार्यान्वयनमा सरोकारवालाहरुको भूमिका देहाय अनुसार दिईएको छः

तालिका ३: लैससास रणनीति कार्यान्वयनमा सरोकारवालाको भूमिका

| क्र सं | सरोकारवाला निकायहरु | साझेदारीको क्षेत्रहरु |
|---|---|---|
| १ | स्थानीय राजनितिक दलहरु | लैससासका कार्यक्रमहरु कार्यान्वयन गर्न |

| | | |
|---|---|---|
| २ | टोल विकास संस्था | हरेक टोल बस्तीहरुमा लैससासको अवधारणा विस्तार तथा सचेतनामूलक कार्यहरु कार्यान्वयन गर्न । |
| ३ | सामुदायिक विद्यालयहरु | लैससासको अवधारणा बारेमा बालबालिकाहरुलाई जानकारी दिन र प्रशिक्षण दिन |
| ४ | आमा समुहहरु | महिला हिंसा र अन्य अपराधिक क्रियाकलापहरुको न्यूनिकरण गर्ने र सचेतनामूलक कार्यहरु |
| ५ | उद्योग बाँणिज्य संघ | गाउँपालिकाका उद्योग र व्यापार क्षेत्रमा लैससासको अवधारणा कार्यान्वयन गर्ने । |
| ६ | स्थानीय गैर सरकारी संस्थाहरु | समग्र समुदायमा लैससासको अवधारणाहरु विस्तार तथा प्रवर्द्धन गर्ने । |
| ७ | स्थानीय प्रहरी कार्यालय | लैंगिक तथा अन्य विभेद र हिंसाका मुद्दाहरुको नियन्त्रण तथा हिंसा विरुद्ध सचेतना विस्तार गर्न । |
| ८ | निजी क्षेत्रका निकायहरु | समाजमा लैससासको अवधारणा विस्तार तथा कार्यान्वयन गर्न । |

### ४.४ अनुगमन तथा मूल्यांकन

यस रणनीतिमा समावेश गरिएका रणनीति तथा कार्यनीतिहरुको सफल कार्यान्वयनको लागि अनुगमन तथा मूल्यांकन कार्य गाउँपालिकाले व्यवस्था गर्नेछ । अनुगमन कार्यमा लैससास कार्यान्वयन समितिले सहयोग गर्ने यस कार्यमा यस समितिको जिम्मेवारी पनि हुनेछ ।

### ४.५ रणनीतिको समिक्षा तथा सुधार

यस रणनीतिलाई समय सापेक्ष तुल्याउदै लैजान गाउँपालिकाले रणनीतिको पूनरावलोकन गरी आवश्यक व्यवस्थाहरु थप तथा संसोधन गर्नेछ ।